# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं. ६७०४

मिति : २०७८/३/४

श्री वडा कार्यालय (सबै),
भरतपुर महानगरपालिका ।

विषय : आ.व. २०७८-७९ को वडागत सिमा तथा मापदण्ड सम्बन्धी ।

यस महानगरपालिकाको स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठकको मिति २०७८/३/३ को निर्णयानुसार स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, (२०७४) को बुंदा नं. ५.२.३ अनुसार आगामी आ.व. २०७८-०७९ को लागि हरेक वडाको आयोजना तथा कार्यक्रमहरुको लागि वडागत सीमा रु. १,५०,००,००० (अक्षरुपी रु. एक करोड पचास लाख) विनियोजन गरिएको व्यहोरा अनुरोध छ । साथै, आ.व. २०७८-७९ मा वडा-स्तरीय योजनामा वडाले अवलम्बन गर्नुपर्ने मापदण्ड तथा वडाको बजेटको ढाँचा पनि यसै पत्रसाथ संलग्न गरिएको छ । यसै सिमा र मापदण्डभित्र रही २०७८ असार ६ सम्ममा वडा-स्तरीय बजेट तथा कार्यक्रम महानगरको योजना तथा बजेट शाखामा उपलब्ध गराउनुहुन आदेशानुसार अनुरोध छ ।

....................
(अर्सीम रेग्मी)
अधिकृतस्तर सातौं

सादर अवगतार्थः

१) श्रीमन नगर प्रमुखज्यू, भरतपुर महानगरपालिका ।
२) श्रीमान नगर-उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका ।
३) श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका ।

योजना तथा बजेट शाखाको इमेल : yojanabmc@gmail.com

भरतपुर महानगरपालिका

आ. व. २०७८/०७९ मा वडास्तरीय योजनामा वडाले अवलम्बन गर्नुपर्ने मापदण्डहरु :

१) वडा-स्तरीय आयोजनाहरुको हकमा टोल विकास संस्थाहरु संग आ. व. २०७८-०७९ को योजनाहरु माग भईसकेपछि वडा-स्तरीय तथा प्राथमिकीकरण गरिएको नगर, प्रदेश तथा संघ स्तरीय योजनाहरु बजेट तथा योजना शाखामा पेश गर्नुपर्ने छ ।

२) वडा-स्तरीय आयोजनाहरु पेश गर्दा कुल वडागत सिमाको रकम निम्न शीर्षकमा खर्च गर्नु पर्ने छ

| सि.नं. | विनियोजन गर्नुपर्ने शीर्षक | रकम | कैफियत / नोट |
|---|---|---|---|
| १ | सडक पिच बाटो | ५० लाख (कम्तिमा) | कम्तिमा ५० लाखको एउटा सडक पिच अनिवार्य हुनुपर्ने । |
| २ | बाटो ग्रावेल | १० लाख (बढीमा) | १० प्रतिशत जनसहभागिता अनिवार्य उठाउने गरि बढीमा १० लाखको बाटो ग्रावेलको लागि विनियोजन गर्नुपर्ने छ । |
| ३ | कल्भर्ट, ह्युम पाईप, मेसजाली, ढल-ढकनी, मोज्याक टायल, सडक मर्मत, पिच, विद्युत पोल | आवश्यकता अनुसार (बाँकी रकमबाट) | आवश्यकता अनुसारको वडा भित्र बाट माग गरिएको कल्भर्ट, ह्युम पाईप, मेसजाली, ढल-ढकनी, मोज्याक टायल, सडक मर्मत, पिच, विद्युत पोल मर्मत तथा स्थानातारणहरु वडा बजेट बाट विनियोजन गर्नुपर्ने छ । |
| ४ | आकष्मिक पुंजीगत कार्य | ५ लाख (बढीमा ) | आकष्मिक रुपमा आउने आकष्मिक खर्च |
| ५ | सरसफाई/ विपद्/ तथा वातावरण/ युवा, खुलकुद, महिला तथा वालवालिका | १० लाख (बढीमा) | पुंजीगत बाहेकका कार्यहरु |
| | कुल | १ करोड ५० लाख | |

नोटः

१) भौतिक पूर्वाधारको रकम उल्लेख गर्दा ल.ई. गरेर मात्र विनियोजन गर्नुहुन अनुरोध छ ।

भरतपुर महानगरपालिका

आ.व. २०७८-०७९ को वडा-स्तरीय बजेटको ढाँचा

वडा नं. :

| सि.नं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापको विवरण | विनोयोजित रकम | जनसहभागिता | सम्झौता गर्ने चौमासिक (पहिलो/ दोश्रो/ तेश्रो) | सम्पन्न गर्ने चौमासिक (पहिलो/ दोश्रो/ तेश्रो) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कूल | **एक करोड पचास लाख** | | | | |